लेखापरीक्षण प्रतिवेदन

धनकुटा नगरपालिका, धनकुटा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

धनकुटा नगरपालिका, धनकुटा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/497

श्रीमान् नगर प्रमुखज्यू,

धनकुटा नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,धनकुटा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/497

श्रीमान् नगर प्रमुखज्यू ,
धनकुटा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
धनकुटा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारीतर्फको विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. नगरपालिकाको रु २ अर्ब २६ करोड ४२ हजार को लेखापरीक्षण गर्दा रु ९० लाख ११ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु ५३ लाख ७० हजार संपरिक्षण भई नियमित गर्नुपर्ने रु २९ लाख ५० हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु ६९१००० गरी जम्मा रु ३६ लाख ४१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु २३ करोड ९५ लाख ४४ हजार मध्ये रु ५ करोड ४० लाख ९७हजार संपरीक्षण भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु १८ करोड ६० लाख ८८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट संपरीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६७	९७	९०,११,२८८	०	६४	५३,७०,४७८	०	६७	३३	३६,४०,८१०	०	२९,५०,२१२	६,९०,५९८	०	०	३६,४०,८१०	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष संपरीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
धनकुटा	२३,९५,४३,९०२	०	५,४०,९६,७५८.७४	१८,५४,४७,१४३.२६	०	३६,४०,८१०	१८,६०,८७,९५३.२६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	२१	संस्थागत विद्यालय	१,३६,०००
२	२०८१/८२	५१	विद्यालय सुधार योजना	१,३५,०००
३	२०८१/८२	५२	लेखापरीक्षण प्रतिवेदन	२,१०,०००
४	२०८१/८२	३७,४६	बढी भुक्तानी	१,३२,४८६
५	२०८१/८२	40.२०	परामर्श सेवा	२५,१८,२६०

६	२०८१/८२	५४	निशुल्क पाठ्यपुस्तक	७३,७७८
७	२०८१/८२	३८	नापी किताव र कार्यसम्पन्न प्रतिवेदन	१२,९१,५०४
८	२०८१/८२	४५	धनकुटा नगरपालिका वडा नं.४,५,६ र ७ भित्रका शहरी सडक मर्मत (१०।२०८१।८२)	४,३३,०६९
९	२०८१/८२	५०	दिवा खाजा	१३,३०५
१०	२०८१/८२	५३	ईन्टरनेट खर्च	५२,५००
११	२०८१/८२	४२.५०	Upgradation of Hile(Shaeshwor Temple – Bhirgaun-Madhuganga) Road, Dhankuta	३,७४,५७६
१२	२०८०/८१	४०	व्यवसाय कर बक्यौता	१३,०९,७५२
१३	२०७९/८०	१७	पुस्तक वितरण गर्नुपर्ने	६०,०००
१४	२०७९/८०	४०	जडान प्रमाणित	१३,६८,९६७
			जम्मा	८१,०९,१९७
म्यानुअल संपरीक्षण तर्फ				
१५	२०७५/७६	३	प्रदेश सरकारबाट प्राप्त भएको भन्दा आय घटि देखाएकव सम्बन्ध हिसाव यकिन गरी विवरण पेश हुनुपर्ने	११०९३०७३.७४
१६	२०७५/७६	16	अन्तर शिर्षक रकमान्तर	९२०००००
१७	२०७५/७६	२०.१	आव अन्त्यमा सञ्चित कोष फिर्ता	२१२३०००६
१८	२०७५/७६	८३	पदाधिकारी सुविधा	९१०३४६०
१९	२०७५/७६	११०.१	पेश्की फस्योंट	२०००००
२०	२०७५/७६	११०.१७	पेश्की फस्योंट	५३१५००
			जम्मा	५११३५८०३९.७४

धनकुटा नगरपालिका, धनकुटा

(८०१०६४०१३००)

धनकुटा नगरपालिका , धनकुटा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु धनकुटा नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, ११०.८ वर्ग किलोमिटर क्षेत्रफल तथा ३४ हजार १५६ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।०७।१६ देखि २०८२ ।०८।२६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु.२२६२६४२२१७.८८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय विवरण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम एवं अन्तरसरकारी अख्तियारी मार्फत् खर्च भएका कारोवार सुत्रमा लेखाङ्कन गरेको देखिदैन । यस स्थानीय तहको सञ्चित कोष प्राप्ति तथा भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं. २७०) सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
१. सुरु मौज्दात		६२०२५६१६.०४	1. चालु खर्च		४८४०२०४४१.२
क.सञ्चित कोष खाता (ग ४.१)	३८१०५३२७.२४		क) पालिकातर्फ	२१३९९९३५४.२	
ख.बिबिध खर्च खाता (ग २-७)	७२५००.००		ख) संघीयसशर्त	२६६२०८५२७	
ग.धरौटी खाता (ग ३.१)	१६३३३४०३.५८		ग) प्रदेशसशर्त	३८१२५६०	
घ.विविध कोष खाता (ग ५.१)	७०७१२९३.६४		2. पुँजीगत खर्च		३१८७९६४९८
ङ.प्रकोप व्यवस्थापन (ग ७.२)	४४३०९१.५८		क) पालिकातर्फ	८८४२२८५६	
२.आन्तरिक आय	४६१६७४७१.९९	४६१६७४७१.९९	ख) संघीयसशर्त	१७८४०४०६४	
३.स्थानीय साजस्व बाँडफाँड	६९०९३४०.४०	६९०९३४०.४०	ग) संघीयविशेष	२६९१८७०२	
४.वित्तीय हस्तान्तरण (संघ)		८३२८६४४१३.८	घ) संघीयसमपुरक	८१३२९३८	
क)समानीकरण अनुदान	११७२६९२८०		ङ) प्रदेशसशर्त	९९३९३१४	
ख)सशर्त अनुदान	५८६२०१५००		च) प्रदेशसमपुरक	६९७६६२४	
ग)समपुरक अनुदान	८१३२९३८.५		3. अन्तर सरकारी अख्तियारी (संघ)		१५१८७२५९५.८
घ)विशेष अनुदान	२७००००००		क) सामाजिक सुरक्षा	१३२२२२६७८७.८	
ङ)राजस्व बाँडफाँट	९४२६०६९५.३१		ख)औद्योगिक पुर्वाधार विकास कार्यक्रम	१६९३२३०८	
च)रोयल्टी			ग) स्वास्थ्य क्षेत्र सुधार कार्याक्रम	२७१३५००	
५.वित्तीय हस्तान्तरण (प्रदेश)		४५०५६१८६.४	4. ऋण फिर्ता(साँवा)		
क)समानीकरण अनुदान	८०३५०००		क) विविधकोष खाता (ग ५.१)	२२७३०६१६	२२७३०६१६
ख)राजस्व बाँडफाँट	८४३८१८६.४०		ख) विविधखर्च खाता (ग २-७)	९३६०९९.३६	९३६०९९.३६
ग)सशर्त अनुदान	१५५८३०००		ग) प्रकोपव्यवस्थापन	१४०५८३७.००	१४०५८३७

			(ग ७.२)		
घ)समपुरक अनुदान	१३००००००		घ) धरौटीखाता (ग ३.१)	३६०६६८७.२५	३६०६६८७.२५
ङ)विशेष अनुदान	०		5. अनुदानफिर्ता		
च)रोयल्टी			१. संघ तर्फ		१४१६७०२०७.५
६.अन्तर सरकारी अख्तियारी (संघ)		१५१८७२५९५.८	क) सशर्तअनुदान	१४१५८८९०९	
क. सामाजिक सुरक्षा	१३२२२६७८७.८		ख) विशेषअनुदान	८१२९८	
ख. औद्योगिक पुर्वाधार विकास कार्यक्रम	१६९३२३०८		ग) समपुरकअनुदान	०.५	
ग. स्वास्थ्य क्षेत्र सुधार कार्याक्रम	२७१३५००		२. प्रदेश तर्फ		७८५४५०२
७.अन्तर सरकारी अख्तियारी (प्रदेश)			क) सशर्तअनुदान	१८३११२६.००	
८.ऋण/ वित्तीय व्यवस्था			ख) समपुरकअनुदान	६०२३३७.००	
क.धरौटी खाता (ग ३.१)	१२१६८५८२	१२१६८५८२.००	6. अन्तिम मौज्दात		४२०३१०६५.७०
ख.बिबिध खर्च खाता/ कोष- बैंक (ग २-७)	९३०८३१३.३६	९३०८३१३.३६	क) संचितकोषको मौज्दात	१६७६१०९१.१५	
ग.विविध कोष खाता (ग ५.१)	१५९८०९३०.००	१५९८०९३०.००	ख) विविधखर्च खाता (ग २-७)	१९८१४.००	
घ.प्रकोप व्यवस्थापन (ग ७.२)	९९६०००.००	९९६०००.००	ग) विविधकोष खाता (ग ५.१)	३२१६०७.६४	
९.अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			घ) प्रकोपव्यवस्थापन कोष (ग ७.२)	३३२५४.५८	
१०.अन्य आय भएमा			ङ) धरौटीखाता (ग ३.१)	२४८९५२९८.३३	
जम्मा		११८३३४९४४९.८०	जम्मा		११८३३४९४४९.८०

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु

सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

ख	**धरौटीतथा कार्यसंचालन कोषतर्फको जम्मा आय**	
क	सामाजिक सुरक्षा	१३२२२६७८७.८०
ख	औद्योगिक पुर्वाधार विकास कार्यक्रम	१६९३२३०८.००
ग	स्वास्थ्य क्षेत्र सुधार कार्याक्रम	२७१३५००.००

२.३ रकमान्तर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष ०८१।८२ का लागि स्वीकृत भएको रु.२ करोड ६ लाख ३० हजार बराबरको ३२ योजना तथा कार्यक्रमलाई घटाई हिउँदे अधिवेशनबाट ४४ योजना तथा कार्यक्रममा रु.२ करोड ६ लाख ३० हजार बढाई रकमान्तर गरेको छ । उक्त घटाएको बढाएको रकम शुरु वजेटको तुलनामा ३.६७ प्रतिशत हुन जान्छ । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

सि.नं.	विवरण	योजना संख्या	घटाएको	बढाएको	जम्मा रकमान्तर
१	रकमान्तरबाट घटाएको	३२	२०,६३०.८७	-	२०,६३०.८७
२	रकमान्तरबाट बढाएको	४४	-	२०,८९५.८७	२०,६३०.८७
जम्मा रकमान्तर					४१२६१.७४
शुरु बजेट					११२२७२३
शुरु बजेटको प्रतिशत					३.६७

२.४ फरक हिसाब - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.३३,९८,५१,१३०.६६ यस वर्षको भुक्तानी रु.३३,९८,५१,१३०.६६ र फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	६२०२५६१६.०४	७८१४७२७०३.१	८०१४६७२५३.४४	४२०३१०६५.७
एकीकृत आर्थिक विवरणअनुसार	६२०२५६१६.०४	११२१३२३८३३.७६	११४१३१८३८४.१	४२०३१०६५.७
फरक	०	३३९८५११३०.६६	३३९८५११३०.६६	०

२.५ खर्च बिश्लेषण - पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.४,६१,६७,४७१.९९ राजस्व बाँडफाँडबाट रू.१०,९६,०८,२२२.११, अनुदानबाट रू.७७,५२,२१,७१८.५ तथा अन्य प्राप्तीवाट रू.१९,०३,२६,४२१.२ लगायत रू.१,१२,१३,२३,८३३.८ प्राप्ती भएकोमा चालु तर्फ रु.४८,४०,२०,४४१.२ तथा अन्यकोष तर्फको भुक्तानी रू.३३,८५,०१,४४४.९१ र पुँजीगत तर्फ

रू.३१,८७,९६,४९८ समेत रु.१,१४,१३,१८,३८४.११ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ४.०४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ४३.१६ प्रतिशत चालु र २८.४३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

३ बजेट तथा कार्यक्रम

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।पालिकाको बजेट तर्जुमा,अख्तियारी र कार्यान्वय सम्वन्धि ब्यहोरा तपसिलबमोजिम रहेको छ ।

विवरण	विवरण/ रकम
उपप्रमुखको नाम	भिमा देवी खनाल
बजेट पेश मिति	2081/ 03/ 10
बजेट पारित मिति	2081/ 03/ 10
प्रमुख प्रशासकिय अधिकृतलाई अखितयारी दिएको मिति	2081/ 0३/ १७
पारित रकम	१,१२,२७,२३,०००/-

ऐनमा निर्धारित अवधि भित्र खर्च गर्ने अख्तियारी दिई आर्थिक वर्ष भित्र सबै काम सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

३.२ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

	वार्षिक वजेट	**खर्च रकम**	**कुल खर्च मध्ये प्रतिशत**
आर्थिक विकास	६५३९३३८०	५१५५६५६९	७८.८४
सामाजिक क्षेत्र	३३६२५२८६४	३०७६७०७३०	९१.५
पूर्वाधार विकास क्षेत्र	५२७७७१३६६	२७४६१४१२७.४०	५२.०३
वातावरण तथा विपद् व्यवस्थापन	२१४००००	१७१७२३१	८०.२३
संस्थागत विकास र सेवाप्रवाह	१३६५५५४८	११६२२७०३	८५.११
वित्तीय व्यवस्थापन र सुशासन	६०००००	५७६६०६	९६.१०
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	१७६९०९८४२	१५५०५८९७२.७९	८७.६५
जम्मा	**११२२७२३०००**	**८०२८१६९३९.१९**	**७१.५०**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये वित्तीय व्यवस्थापन र सुशासनमा सबैभन्दा बढी ९६.१० प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा सबै भन्दा घटी ५२.०३ प्रतिशत रहेको छ । पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका

अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

३.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	**कुल खर्च**	**त्रैमासिक खर्च**				**आषाढ महिनाको खर्च**
		प्रथम	**दोस्रो**	**तेश्रो**	**चौथो**	
पुँजीगत खर्चतर्फ	३१८७९६४९८	६९३२२९६२	४९२८७६७५	६५७४८८६७	१३४४३६९९४	५०३८७६०६
प्रतिशत	१००%	२१.७४%	१५.४६%	२०.६२%	४२.१७%	१५.८%

स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३.४ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नाअनुसारका ९७७ योजनामा वजेट विनियोजन गरेको छ।

क्र.स.	कार्यक्रमको नाम	योजना संख्या	रू.२० लाख माथिका योजना संख्या	रू.५ लाख देखि २० लाखसम्मका योजना संख्या	रू. ५ लाख भन्दा कमका योजना संख्या
१	विभिन्न	९७७	४९	१२८	७४१

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावीनहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

३.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पालिका पुँजीगततर्फ जनताको अपेक्षा नगरको सुभेक्षा शिर्षकमा रू.२५,००,००० कार्यपालिकाको निर्णयले विभिन्न योजनाहरुमा बाँडफाट गरी हिउँदे सभाबाट अनुमोदन गराएको देखियो। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई ख्याल नगरी पछि बाँडफाट हुने गरी अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ। यसरी ठूलो मात्रामा बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखियो। तसर्थ बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ।

३.६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गराई राख्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रू ४२६१९९३ भुक्तानी दिएको छ।आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

गो भौ नं ।मिति	विवरण	भुक्तानि भएको रु
२२।२०८१।०६।०७	गरीवी निवारणका लागि आय आर्जन कार्यक्रम	१९००००
५३।२०८१।२०८१।०६।०९	हिले ब्याडमिन्टन क्लब	३०००००
विभिन्न	सवारी साधन तथा मेशिनरी मर्मत	२५७६२६४
विभिन्न	मसलन्द	३९५७२९
विभिन्न	अन्य संस्था सहायता	८०००००

४ **आन्तरीक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिन्छ।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको अवस्था समेत देखिएको छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन्:

वजेट व्यवस्थापन तर्फ

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरेता पनि बार्षिक बजेटसँग तादाम्यता रहेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको नदेखिएको,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

खरिद व्यवस्थापनतर्फ

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,

• पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,

• स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वियन गरेका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)को अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नुपर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिवाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पुर्ण रुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फारम प्रत्येक योजनामा कस्ता कैफियत देखिए र सोको सुधारका लागि के कस्ता प्रयास भए पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९. मा हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९.(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नुपर्ने, नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यबस्था रहेकोमा सो अनुसार सबै अभिलेख अद्याबधिक गरी राखेको पाइएन,

शिक्षातर्फ

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रूपमा नभएको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको नदेखिएको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन, लेखापरीक्षणको अबस्था र अभिलेख व्यवस्थित गरेको नदेखिएको,

विविधतर्फ

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था नरहेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्याबधिक अभिलेख नराखेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको,

• यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्योट तथा सम्परीक्षण कार्य नगरेको,

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी सबै कार्यक्रममा खर्च गर्ने गरेको नदेखिएको,

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।

• बेरुजु लगतका लागि तयार गरीएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,

• सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक कागजपत्रसहित म.ले.प. फाराम नं 202 को ढाँचामा सम्बन्धित शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनुपर्नेमा सबै भुक्तानी सो वेहोरा पालना गरेको पाइएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्नेमा भुक्तानीका सबै भौचरमा सो वेहोरा पालना गरेको पाइएन,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

५ कानुनहरुको तर्जुमा र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले तपसिल बमोजिमका ऐन नियमावलीहरु कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी वेभसाईटमा प्रकाशित गरेको छ । तर्जुमा गरिएका कानुन तथा कार्यविधिहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

विवरण	ऐन	नियमावली	कार्यविधि	निर्देशिका	नर्म्स	जम्मा
लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या	२८	८	३३	६	७	८२

६ न्यायीक समीतीको कार्यसम्पादन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।

सिन	उजुरीको प्रकार	गत बर्षको बाँकी	यस बर्ष थप	जम्मा	यो बर्ष फछ्यौंट	फछ्यौंट हुन बाँकी	समयमै फछ्यौंट हुन नसक्नुको कारण
१	जग्गा सिमाना विवाद	२	१०	१२	१०	२	प्रतिवादी अनुपस्थित
२	रुख बाली नोक्सानी	१	१	२	१	१	प्रतिवादी अनुपस्थित
३	लेनदेन	१	४	५	४	१	प्रतिवादी अनुपस्थित
जम्मा		४	१५	१९	१५	४	

पालिकाको न्यायीक समीतिले यो वर्ष जम्मा १९ विवादमध्ये १५ वटा विवाद समाधान गरी ४ विवादको समाधान बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

७ **खरिद तथा ठेक्का अभिलेख**

७.१ ठेक्का अभिलेखः सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

७.२ वार्षिक खरिद योजना/गुरुयोजना - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३१ करोड ८७ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८ **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ। विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार र संपरीक्षण प्रमाणका आधारमा निम्नानुसार रू.४५१८३२६१ मोबिलइजेशन र अन्य पेश्की बाँकी देखिएको छ म.ले.फा.न्.२११ मा मोबिलाइजेशन र अन्य पेश्की गरी रु.२६०१०३०६ बाँकी देखिन्छ । बाँकी भएको पेश्की समयमा नै फस्र्यौट गर्नुपर्दछ ।

आ. व.	**२०७९।८०**	**२०८०।८१**	**२०८१।८२**	**अद्यावधिक पेश्की रकम**
म्याद नाघेको बाँकी रू	७६००००	४२८८२५७२	१५४०६८९	४५१८३२६१
म्याद ननाघेको बाँकी रू	०	०	०	०
जम्मा	७६००००	४२८८२५७२	१५४०६८९	४५१८३२६१
पेश्की फस्र्यौट रू	०	०	०	०
कूल अद्यावधिक पेश्की बाँकी	७६००००	४२८८२५७२	१५४०६८९	४५१८३२६१

९ **जिन्सी तर्फः-**

९.१ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९५, ९६, १०६, १०७ र १०८ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मर्मत तथा लिलाम गर्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस आर्थिक वर्षमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छ । पालिकाको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

९.२ **जिन्सी मौज्दात जिम्मेवारी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४. को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने, नियम ९५.(२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने उल्लेख छ। विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version 1 लागु भएको आर्थिक बर्ष २०८१।८२ बाट PAMS version 2 (PAMS V2) लागु भएकोले आर्थिक वर्षको अन्त्यमा PAMS version 1 मा बाँकी रहेको जिन्सी सामाग्रीको मौज्दात version 2 मा जिम्मेवारी सार्नुपर्नेमा खर्च भएर जाने जिन्सी सामानको जिम्मेवारी सारेको देखिएन । जिम्मेवारी नसार्दा जिन्सी सामानको उच्चतम सदुरुपयोग हुन सक्ने अवस्था रहन्छ । पालिकाले PAMS version 2 सार्न बाँकि खर्च भएर जाने जिन्सी सामानहरुको विवरण उपलब्ध गराउन नसकेकोले उक्त जिन्सी सामानहरुको अवस्थाबारे एकिन हुन सकिएन । सबै जिन्सी सामानको जिम्मेवारी सारी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

९.३ **जिन्सी व्यबस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९५, ९६, १०६, १०७ र १०८ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मर्मत तथा लिलाम गर्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस आर्थिक वर्षमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छ । पालिकाको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा प्रतिवेदनमा देखिएको व्यहोरा निम्नानुसार छन्

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारका मर्मत तथा लिलामी गर्नुपर्ने केही सामानहरुको उदाहरण निम्नानुसार छन् ।

क्र.स.	सामानको नाम	प्रति इकाइ मुल्य	मर्मत गर्नुपर्ने	लिलामी गर्नुपर्ने
१	मोटरसाइकल	मुल्य नखुलेको	७	१०
२	स्कुटर	मुल्य नखुलेको	-	१
३	ल्यापटप	मुल्य नखुलेको	-	२२
४	कुर्सी घुम्ने	मुल्य नखुलेको	-	१०
५	प्लाष्टिक कुर्सी	मुल्य नखुलेको	-	१०
६	सोफा	मुल्य नखुलेको	-	९
७	आराम चियर	मुल्य नखुलेको	-	२
८	दराज	मुल्य नखुलेको	-	१२
९	र्याक	मुल्य नखुलेको	-	३
१०	अफिस टेबल	मुल्य नखुलेको	-	११
११	टि टेबल	मुल्य नखुलेको	-	७
१२	कम्प्युटर टेबल	मुल्य नखुलेको	-	६
१३	साधारण टेबल	मुल्य नखुलेको	-	५
१४	कम्प्युटर	मुल्य नखुलेको	-	७
१५	प्रिन्टर	मुल्य नखुलेको	-	१३
१६	इन्भटर	मुल्य नखुलेको	-	४
१७	क्यामेरा	मुल्य नखुलेको	-	२
१८	ट्याक्टर	मुल्य नखुलेको	-	३
१९	बोलेरो जिप	मुल्य नखुलेको	-	२
२०	स्कार्पियो	मुल्य नखुलेको	-	१
२१	स्क्यानर	मुल्य नखुलेको	-	१

१० **धरौटी:-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(११) अनुसार सरकारी सम्पत्ति नगदी, जिन्सी सुरक्षित राख्न, हिनामिना हुन नदिन कार्यालय प्रमुखले उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटी तर्फ गत वर्षको रु. १,६३,३३,४०३.६१ अल्या गरेकोमा यस वर्ष रु ४,७७,८५,७३३.०३ कूल आम्दानी देखाएकोमा रु. २,२८,९०,४३४.७० फिर्ता भई जम्मा रु.२,४८,९५,२९८.३३ मौज्दात बाँकी रहेको देखिन्छ ।

११ **कर्मचारी अवकाश कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरण/राजस्व बाँडफाटबाट कर्मचारी अवकास कोषमा रु ११०५४००० (अक्षेरुपी एक करोड १० लाख चौवन्न हजार मात्र) ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट ऐन कानुनको व्यवस्था

भएको देखिएन। कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले आवश्यक कानुनको ब्यवस्था गरी कर्मचारी कोषलाई प्रभावकारी बनाउनुपर्दछ ।

१२ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्तिलाई अन्य सामाजिक सहायता रु २२०००००० आर्थिक सहायता वितरण गरेको देखियो। यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्यसमेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।साथे पालिकावाट वितरीत आर्थिक सहायताको सम्वन्धमा नियमितरुफमा विद्युतीय माध्यमवाट सार्वजनिकरण गर्नुपर्दछ ।

१३ **वितरणमुखी कार्यक्रम**

स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो। जुन योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउने देखिंदैन।यस वर्ष पालिकाले विभिन्न वितरणमुखी टुक्रे कार्यक्रमा रु ३५ लाख ३९ हजार ९०० वरावरको रकम वितरण गरेको देखियो । उदाहरणका लागि केही योजना र कार्यक्रमहरु निम्नानुसार छन ।

गो भौ नं।मिति	कार्यक्रमको नाम	खर्च रु
२५१।२०८१।०८।०२	साझेदारी कार्यक्रम (टेम्पो वितरण) विडी एग्रिकल्चर कृषि फर्म	५०००००
२५८।२०८१।०८।०२	एभोग्राडो प्रबर्द्धन कार्यक्रम	४९९९००
२५९।२०८१।०८।०६	धनकुटा म्युजिक फेष्ट	२०००००
२७२।२०८१।०८।१०	औद्योगिक ग्राम महिला कृषक समुह	२०००००
२५।२०८१।०५।२१	व्यवसायिक गाईपालन कार्यक्रम श्री देउराली कृषि सहकारी संस्था	७०००००
२९०।२०८१।०८।२१	बायो ग्यास कार्यक्रम	५४००००
२९७।२०८२।०८।२४	जेष्ठ नागरीक संघ धनकुटा नगरसमीतीखाना तथा खाजा वितरण	२५००००
३९१।२०८१।०९।२३	घुम्ती कोष वडा नं ४ जलकन्या आमा समुह,लालिगुराँस महिला समुह, श्रृजनशील महिला समुह	३०००००
४७९।२०८१।१०।०७	गाईपालन कार्यक्रम संयोग एग्रो फर्म	२०००००
४८४।२०८१।१०।०९	पाङसुङ टोलबस्ती संगठन	१५००००
जम्मा		३५३९९००

१४ **शैक्षिक सहायता**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको बारेमा उल्लेख छ । स्थानीय तहले स्वीकृत बजेटबाट स्वायत्त संस्थाहरुलाई सञ्चालन खर्च अनुदानका रुपमा उपलब्ध गराउन मिल्ने आधार देखिँदैन ।धनकुटा बहुमुखी क्याम्पसको लागि आवश्यक सहयोगलाई निरन्तरता दिने भनी नगर सभा कार्यक्रममा उल्लेख भए अनुसार पालिकाले यस वर्ष उक्त क्याम्पसलाई शैक्षिक अनुदानका रुपमा रु.३०००००० निकासा गरेको पाइयो । पालिकाले शैक्षिक क्षेत्र तर्फ अनुदान वितरण गर्ने कार्यविधि तयार गरेको पाइएन साथै क्याम्पसले आफ्नो लेखापरीक्षण प्रतिवेदन पेश गरी प्राप्त अनुदानको सदुपयोग भएको प्रमाण समेत पेश गरेको देखिएन । पालिकाले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरका निकायलाई अनुदान भुक्तानी गरेको नियमसंगत नदेखिएको रु.

अनियमित भएको	३,००,०००

१५ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ तथा कोशी प्रदेश निजामती सेवा ऐन, २०८१ तथा कोशी प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८० बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रु ६६०३३४००खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१६ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यालय सहयोगी, स्वास्थ्यकर्मी तथा सरसफाई कर्मचारी लगायत विभिन्न पदमा ८४ जना कर्मचारीहरु करारमा राखी रू. ३३५५२००० खर्च लेखेको छ।उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएका देखिएन। साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

१७ संगठन र कर्मचारी ब्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकाको कर्मचारी ब्यवस्थापन सम्वन्धमा तयार गरेको स्वीकृत संगठन तथा ब्यवस्थापन सर्वेक्षण २०८० अनुसारङ पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०० दरबन्दी स्वीकृत रहेको देखिन्छ।पालिको सेवा प्रवाहको स्थिति, प्रबिधिको उपयोग तथा सञ्चार र यातायातको थप सहजतासमेतलाई ध्यान दिई पद सिर्जना तथा पदपूर्तिलाई समयानुकुल बनाउनुपर्दछ।

१८ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५६ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन

समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१९ **अनुदान वितरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष पालिकाको पुँजिगत बजेट शिर्षकबाट निम्नानुसार व्यक्ति तथा फर्महरुलाई विभिन्न कृषिजन्य तथा आय आर्जन व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले रकम तथा वस्तुगत अनुदान उपलव्ध गराएको छ। यसरी रकम खर्च गर्दा अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको विधि पारदर्शी तथा स्पष्ट नीतिगत व्यवस्था तयार भएको देखिएन। त्यसैगरी प्रदान गरिएका कृषि उपकरण तथा अनुदान रकमबाट परेको प्रभावको मूल्याङ्कन समेत गरेको अभिलेख पेश भएन।अनुदान वितरणको स्पष्ट कार्ययोजना, लक्षित गन्तव्य, अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको निश्चित र वस्तुगत मापदण्ड र प्रभावकारी अनुगमन संयन्त्र मार्फत कार्यक्रमको नियमित प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरी बजेट खर्चलाई नतिजामूखी बनाउनु पर्दछ। वितरित अनुदान रकम उपयोग गरी थप रोजगारी सृजना गरेको, राजश्वमा योगदान पुर्याएको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए अनुसार सहुलियत दरमा सेवा प्रबाह गरिरहेको, उपलव्ध गराएको अनुदान रकमबाट आबश्यक कानुनी प्रकृया पुरा गरी खर्च गरेको, खर्च गरेको रकमको लेखापरीक्षण गरेको र अनुदान पाउने निकाय अस्तित्वमा नरहेमा उपलव्ध गराएको अनुदान रकम सम्बन्धमा के कसरी व्यबस्था गरिने यकिन हुने व्यबस्था गरी वितरित अनुदान वेवसाईटमा राख्ने व्यबस्था हुनुपर्दछ ।

क्र. सं.	भौ न/ मिति	विवरण	रकम	कैफियत
१	२४।०८१।०५।३१	२३ जना कृषकलाई मिनिटिलर लगायतका कृषि औजार वितरण	११६२५००	
२	२५।०८१।०५।३१	वडा नं. १ र ३ स्थित रहेको देउराली कृषि संस्थामा आबद्ध ७ घरधुरीका किसानहरुको लागी उन्नत जातको गाईपालन कार्यक्रम	७०००००	
३	४२।०८१।०६।०३	४१ कृषकहरुलाई बाख्रा र बंगुर पालनको निमित्त अनुदान उपलब्ध गराईएको	४०००००	
४	१६७।०८१।०९।२५	२० जना कृषकलाई मिनिटिलर वितरण	१००००००	
५	२५१।०८२।०१।२८	४६ कृषकलाई मिनिटिलर लगायतका कृषि औजार वितरण	२२२०२५५	
		जम्मा	५४८२७५५	

२० **प्रकोप ब्यवस्थापन कोषतर्फ**

२०.१ (२/2081-07-09):

धनकुटा नगरपालिका राहत वितरण सम्बन्धी मापदण्ड, २०८० को दफा ६ मा राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । जस अनुसार दफा ६(ग) मा विपद् पश्चात नेपाल प्रहरीको मुचुल्का र वडास्तरीय विपद् व्यवस्थापन समितिबाट सिफारिस बमोजिम राहत प्राप्त गर्न योग्य व्यक्तिलाई राहत उपलब्ध गराउने कुरा उल्लेख छ ।पालिकाले लेख बहादुर राईलाई रु. ४००००। राहत वितरण गरेकोमा समितिको निर्णय भएको नपाईएकोले मापदण्डको पालना नभएको अनियमित देखिएको रु.

अनियमित भएको	४०,०००

२०.२ (२०/2082-02-24):

धनकुटा नगरपालिका राहत वितरण सम्बन्धी मापदण्ड, २०८० को दफा ८(ग)५ बमोजिम कलकारखानामा वा व्यवसाय, जग्गा जमिन वा पसल व्यवसाय, महामारीका कारण कृषि वाली वा पशुपंक्षीमा भएको जति लेखाजोखाको प्रतिवेदन अनुसार प्रति परिवार अधिकतम तीस हजार रुपैंयासम्म राहत रकम निर्धारण गरी उपलब्ध गराउने उल्लेख छ । प्रेसमा आगलागी भइ मेशिनहरु जलेको कारण भनि जनविश्वास अपसेट प्रेशलाई रु. १०००००। कार्यपालिकाको मिति ०८१।१२।३१ को निर्णय बमोजिम भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,००,०००

२१ **संस्थागत विद्यालय**

स्यानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरी सोहि बमोजिम अनुगमन गर्नु पर्नेमा गरेको देखिएन । निजी विद्यालयहरुले शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको र गरीव तथा विपन्न छात्रबृत्ति प्रदान गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन ।साथै पालिकाको आर्थिक ऐन २०८१ बमोजिम संस्थागत विद्यालयहरुको वार्षिक सेवाशुल्क तोकेकोमा सो रकम लेखापरीक्षण अवधिसम्म पनि बुझाएको नदेखिएकोले तपसिल बमोजिमका विद्यालयवाट तपसिल बमोजिमको रकम असुल उपर गर्नुपर्ने रु

सि नं	विद्यालयको नाम	कक्षा संञ्चालन	बक्यौता रकम रु
१	श्री लालिगुँरास ई बोर्डिङ स्कुल	१-८	७०००
२	श्री तमोरभ्याली मा वि	१-१०	१००००
३	श्री तुल्सीमेहर मा वि	१-१२	१००००
४	श्री वालसंसार मा वि	१-१२	१००००
५	श्री दीप मा वि	१-१०	१००००
६	श्री धनकुटा बोर्डिङ स्कुल	१-१०	१००००
७	श्री मोडेल स्कुल	१-१०	१००००
८	श्री मनकामना मा वि	१-१०	१००००
९	श्री पोलस्टार ई बो स्कुल	१-८	७०००
१०	श्री निलगिरी मा वि	१-१०	१००००
११	श्री मदरल्याण्ड मा वि	१-१२	१००००
१२	श्री डिज्तीवल्ड ई स्कुल	१-६	७०००
१३	श्री दीपज्योति ई बो स्कुल	१-१०	१००००
१४	श्री नवज्योति शिक्षा सदन	१-५	५०००
१५	श्री ईष्टन स्टार बो स्कुल	१-३	५०००
१६	श्री ह्याप्पिकिड्स मन्टेश्वरी	ECD	५०००
जम्मा			१३६०००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१०,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२२ **नक्सापास**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९. बमोजिम पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति लिई निर्माण गरी रहेको छ छैन पालिकाले जाँचबुझ र कारबाही गर्न सक्ने व्यबस्था छ । ऐनमा उक्त व्यबस्था भए पनि यस पालिकाले पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम ८१ वटा अनुमति स्वीकृत भएकोमा स्वीकृत मापदण्ड बमोजिम निर्माण भए नभएको जाँचबुझ र कारबाही गरेको अद्यावधिक अभिलेख तयार गरी राखेको पाइएन ।

पालिका भित्र निर्माण गरिने भवन स्वीकृत मापदण्ड बमोजिम निर्माणका लागि स्वीकृत दिने र स्वीकृति दिए बमोजिम काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्ने व्यबस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२३ **आन्तरीक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
८७७९२०६०१.०१	४६१६७४७१.९९	५.२५

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.२५ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

२४ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति सुत्र अनुसार निम्नानुसार रहेको देखिन्छ ।

क्र.स.	आय शीर्षक	२०८१।८२ को अनुमानित आय रु.हजारमा	२०८१।८२ को वास्तविक आय रु.हजारमा	२०८०।८१ को वास्तविक आय रु.हजारमा	२०७९।८० को वास्तविक आय रु.हजारमा
१.	सम्पति कर	८२००	८६,७१	५,०२	९,७१
२	घरबहाल कर	४०००	६५,२३	३३,५७	६०,२८
३	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	७००	३,७६	२३	२२
४	वाँडफाडमा प्राप्त हुने विज्ञापन कर	४०००	५,२१	०	५,२५
५	ब्यबसाय रजिष्ट्रेशन दस्तुर	०	०	०	०
६	सरकारी सम्पति वहालवाट प्राप्त रकम	७००	५६,६९	८७,२४	६६,०८
७	अन्य सेवा शुल्क	१३००	२३,९८	५,४८	७,६५
८	शिक्षा क्षेत्रको आम्दानी	२५०	२,४०	२,००,१	१,७०
९	अन्य प्रशासनिक सेवा शुल्क	१००	३९	०	१
१०	पार्किङ शुल्क	२७००	१७,७४	३४,९५	२५,५९
११	नक्सापास दस्तुर	२०००	९,६४	६,१७	७,४८
१२	सिफारिश दस्तुर	३२००	३६,५२	९,९९	९,२२
१३	व्यक्तिगत घटना दस्तुर	२००	७,६८	१	०
१४	नाता प्रमाणित दस्तुर	२५०	२,०७	०	२
१५	अन्य दस्तुर	१०००	६,३३	३,३७	५,२९
१६	व्यबसाय रजिष्ट्रशन दस्तुर	३००	३८	१०	०
१७	प्रशासनिक दण्ड जरिवाना र जफत	६००	३,३६	१,९८	६,०१०
१८	अन्य राजस्व	९००	३०,८४	१४,२६	३,७७
१९	व्यवसाय कर	३०००	४१,०९	२०,६३	३०
२०	बेरुजु	५००	७०,३०	२,०५	११,३१
जम्मा		३३९००	४७०३२	२४५०६	२७३९८

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.२५ प्रतिशत मात्र रहेको तथा पालिकाको कर तथा शुल्क असुली न्युन रहेको देखिन्छ । स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

२५ आय ठेक्का

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकारक्षेत्रको बारेमा उल्लेख गरीएको छ । सोही ऐनको दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले पेश गरेको आय ठेक्काको विवरण निम्नानुसार रहेका छन् ।

क्र सं	शिर्षक	ठेक्का कबोलकर्ता	कबोल रकम	दाखिला रकम	बाँकी रकम	कार्यापालिकावाट निर्णय गरी छुट दिएको रकम	सभावाट निर्णय गरी छुट दिएको रकम
1	रेष्टुरेन्ट तथा पसल कवल धनकुटा-७	इनाम तामाङ	रु.१५,५१,०००/ -	रु.१५,५१,०००/ -	०		
२	बहुउद्धेश्य भवन,धनकुटा-६	सुजन श्रेष्ठ	रु.१,१०,३००/ -	रु.१,१०,३००/ -	०		
३	सवारी पार्किङ/ पूर्वाधार उपयोग/ सरसफाई शुल्क,धनकुटा	प्रशन्न राई धनकुटा एग्रो फर्म	रु.२६,६०,०००/ -	रु.२६,६०,०००/ -	०		
४	ब्यपारिक भवन पिपलवोट घरभाडा,धनकुटा-७	दिनेश श्रेष्ठ/ उर्मिला श्रेष्ठ	रु.७,०२,०००/ -	रु.७,०२,०००/ -	०		
५	कफिसप बसपार्क भाडा,धनकुटा-७	करण राई	रु.१,२०,५००/ -	रु.१,२०,५००/ -	०		
६	चमेनागृह भाडा धनकुटा-५	तारा कुमारी चेम्जोङग	रु.२,५१,०००/ -	रु.२,५१,०००/ -	०		
७	हिले हटिया पटके हाटवजार शुल्क, धनकुटा-१	बिजय मल्ल	रु.३,३०,०००/ -	रु.३,३०,०००/ -	०		
८	ल्याण्डफिल्ड साईड कवाड तथा पुनःप्रशोधनिय र पुनः प्रयोगिय बस्तु संकलन तथा बिक्री,धनकुटा-६	कौशल कुमार थापा	रु.१,०२,०००/ -	रु.१,०२,०००/ -	०		
९	ढुङ्गा गिटी वालुवा आदी संकलन तथा बिक्री फोङ्गसुवा,धनकुटे,महाङ र रुदुवा खोला धनकुटा-९	बिजय श्रेष्ठ अनु एण्ड अभि कन्ट्रक्सन	रु.१५,५०,०००/ -	रु.१५,५०,०००/ -	०		
१०	कच्ची पसल बवल(१)भाडा,धनकुटा-७ बसपार्क	मालती श्रेष्ठ	रु.१,२०,०००/ -	रु.१,२०,०००/ -	०		
११	सार्वजनिक शौचालय सञ्चालन धनकुटा-७ बसपार्क	बसपार्क टोलबस्ति संगठन	रु.१,८०,०००/ -	रु.१,८०,०००/ -	०		
१२	ब्यपारिक भवन भाडा धनकुटा-७ बसपार्क	लकान्द्री बन्धु कन्ट्रक्सन एण्ड सप्लायर्स	रु.१८,०१०००/ -	रु.१८,०१०००/ -	०		
१३	सार्वजनिक जग्गा भाडा धनकुटा-७ वसपार्क	सरोज राई	रु.९६५७९/ -	रु.९६५७९/ -	०		
१४	जग्गा भाडा धनकुटा-७ वसपार्क	मान बहादुर पौडेल	र रु.९५८३२/ -	र रु.९५८३२/ -	०		
१५	कच्ची पसल	मान बहादुर	रु.९५८३२/ -	रु.९५८३२/ -	०		

	कवल(१)भाडा,धनकुटा-७ बसपार्क	पौडेल					
१६	रेष्टुरेण्ट पसल कवल ब्लक(B) माथिल्लो तल्लाको सानो कोठा भाडा,धनकुटा-७ बसपार्क	रेनुका थापा	रु.३०,०००/-	रु.३०,०००/-	०		
१७	बिहीवारे हटिया पटके हाटवजार शुल्क,धनकुटा-५	रिना राई	रु.३,३०,०००/-	रु.३,३०,०००/-	०		

वित्तीय अधिकार क्षेत्रको पुर्ण उपयोग गरी राजश्वको दायरा परीचालन गरी पालिकाको आन्तरीक आय संकलनलाई थप प्रभावकारी बनाउनुपर्दछ ।

२६ **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.९२३४००० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.४६१६७४७१ रहेको छ।जुन आन्तरिक आयको २० प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

सोधभर्ना नलिएको

२७ **बैठक भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी तथा कर्मचारीको बैठक भत्ता वापत रू १७,५९,०००, कर्मचारीको बैठकभत्ता वापत रु ४२४०००० र अन्य जम्मा रु २१८३००० जुन आन्तरीक आयको 4.६४ प्रतिशत खर्च गरेको देखियो ।पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

२८ **मसलन्द तथा कार्यालय सामाग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू ५२९७००० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

२९ **ईन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे ३० थान, एम्बुलेन्स २ थान, जीप ३ थान,ट्याक्टर ३ थान, र १ थान दमकल रहेकोमा ईन्धन पदाधिकारी रु ४१७०००० इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू ६०२३०००रगरी जम्मा रू.१,०१,४०,००० इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

३० **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे ३० वटा एम्बुलेन्स २ थान, ट्याक्टर ३ थान,दमकल १ थान, र जीप ३ थान रहेको देखियो। उल्लिखित सवारी साधनहरुको मर्मतमा रु १०८४६००० खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ।

३१ **विविध खर्च**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च अन्तर्गत अतिथि सत्कार वापत रू ४११२००० र सभा सञ्चालन खर्च वापत रु१२१९००० गरी जम्मा रु ५३३१००० (आन्तरिक आयको ११.५६ प्रतिशत) खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

३२ **कार्यक्रम सञ्चालन**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा कुनै तालिम, सेमिनार, गोष्ठी, कार्याशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने, नियम ३९(८)मा उपनियम(७) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विबरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संङ्ख्या र उपस्थितिसमेत समाबेश गरी प्रतिबेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यबस्था भए पनि सो अनुसार लागत अनुमान तयार गरी कार्यक्रम समाप्ति पश्चात प्रतिबेदन तयार गरी स्वीकृत गरेको पाइएन।यस्तो अबस्था गरिएको सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको बिश्वसनियता र प्रभाबकारीता न्युन हुन जाने हुँदा तोकिएको प्रकृया पुरा गरेर मात्र तालिम कार्यक्रम संचालन गर्नु गराउनु पर्दछ ।केहि उदाहरण

गो भौ नं ।मिति	कार्यक्रमको नाम	खर्च भएको रु
९६४।२०८२।०२।३०	ब्यवसायिक सुन्तला खेती तालिम	४९९४६०
८४४।२०८२।०२।०१	लघु उद्यम विकास कार्यक्रम	१०७६५७४
८६४।२०८२।०२।०५	सहकारी प्रवर्द्धन सम्वन्धि तालिम	३४१६९८
९४३।२०८२।०२।२७	मेलमिलापकर्ता तालिम	५००००
जम्मा		१९६७७३२

३३ **नाफामुलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। अनुदान वितरणको स्पष्ट कार्ययोजना, लक्षित गन्तव्य, अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको निश्चित र वस्तुगत मापदण्ड र प्रभावकारी अनुगमन संयन्त्र मार्फत कार्यक्रमको नियमित प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरी बजेट खर्चलाई नतिजामूखी बनाउनु पर्दछ।नाफामुलक संस्थालाई वितरित अनुदान रकम उपयोग गरी थप रोजगारी सृजना गरेको, राजश्वमा योगदान पुर्याएको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए

अनुसार सहुलियत दरमा सेवा प्रबाह गरिरहेको, उपलव्ध गराएको अनुदान रकमबाट आबश्यक कानुनी प्रकृया पुरा गरी खर्च गरेको, खर्च गरेको रकमको लेखापरीक्षण गरेको र अनुदान पाउने निकाय अस्तित्वमा नरहेमा उपलव्ध गराएको अनुदान रकम सम्बन्धमा के कसरी व्यबस्था गरिने यकिन हुने व्यबस्था गरी वितरित अनुदान वेवसाईटमा राख्ने व्यबस्थाको पूर्ण पालना भएको सुनिश्चित हुने अबस्था नरहेकोले अनुदान दिएको नियमसम्मत नदेखिएको रु

क्र सं	अनुदान प्राप्त गर्ने संस्था	अनुदान व्यहोरा	**अनुदान रु.**
१	आनिको खाद्य उद्योग	स्थानिय बस्तु प्रबर्द्धन	२०००००
२	DS Agro industries	स्थानिय बस्तु प्रबर्द्धन	३०००००
जम्मा			५०००००

अनियमित भएको	५,००,०००

३४ फरक खर्च शीर्षक

स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३(७)मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी गरेको अनियमित रु

गो भौ नं	विवरण	खर्च लेख्नु पर्ने शिर्षक	खर्च लेखेको शिर्षक	रकम
४९९।२०८१।१०।२१	भ्रमण	ल्याल्डफिल प्रभावित विशेष कार्यक्रम	जनप्रतिनिधि भ्रमण	२४२४१०
७४८।२०८२।०१।०८	सहायता	लोकसेवा तयारी कक्षा संचालन	आर्थिक सहायता	१५३०००
जम्मा				३९५४१०

अनियमित भएको	३,९५,४१०

३५ खर्च मितब्ययिता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । पालिकाको यस वर्षको आन्तरिक आय रु.४६१६७४७१ मात्र रहेको अवस्थामा पालिकाले यस वर्ष निम्न बमोजिम खर्च समानिकरण अनुदान र राजश्व बाडफाँट बाट प्राप्त भएको रकमवाट देहाय बमोजिम खर्च लेखेको छ ।

खर्च विवरण	रकम
शैक्षिक संस्था सहायता	१०१५५०००
सहकारी संस्थाको प्रवर्द्धन र विकास	९८५०००
अंग्रेजी माध्यम पढाई	३८६६०००
खेलकुद प्रवर्द्धन (राष्ट्रपति रनिङ सिल वडागत खेल समेत)	३७५४०००
जम्मा	१८७६००००

आन्तरीक आय समेतको विचार गरी खर्चमा मितब्ययिता कायम गर्नुपर्दछ ।

३६ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको

भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले सो बमोजिमको नगद लागत सहभागिता प्राप्त गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३७ **बढी भुक्तानी** (१२०-2081-08-10):

कुवापानी छरछरे सडक स्तरोन्नती गरे वापत सुम्निमा निर्माण वा, धनकुटा ७ लाई ९७६१५३। भुक्तानी दिएको छ । उक्त निर्माण कार्यको स्टोन सोलिङ्ग वापत ११।५७ घन मीटरको रु. ४२९५।१८ का दरले मु.अ.कर सहित रु. ५६१५६। लागत अनुमान तयार गर्नु पर्नेमा रु. ८६२४२।को अनुमान तयार भएकोमा बढी भएको रु. ३००८६। सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नु पर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **३०,०८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८ **नापी किताव र कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्न सक्ने कुरा उल्लेख छ । पालिकाले देहायबमोजिमको योजनाको रकम भुक्तानी दिँदा कार्यसम्पन्न प्रतिवेदन, नापी किताब संलग्न नराखि भुक्तानी दिएको देखिएकोले प्रमाण पेश गर्नु पर्ने रु.

गो.भौ.नं. र मिति	योजनाको नाम	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	कैफियत
७१। ०८१। ०६।१२	हिले बसपार्क सार्वजनिक शौचालय	पञ्चकन्या देवी निर्माण सेवा, धनकुटा	९७६५०४।	कार्यसम्पन्न प्रतिवेदन संलग्न नभएको
२०८। ०८१। १२।१०	वडा कार्यालयको पछाडि पैरो सरसफाई निर्माण	वडा कार्यालयको पछाडि पैरो सरसफाई निर्माण उ.स.	३१५०००।	नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र फोटोहरु संलग्न रहेको नदेखिएको
		जम्मा	१२९१५०४।	

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,२९१,५०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३९ **फरक खर्च शीर्षक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार देहायबमोजिम खर्च शीर्षक र कार्यक्रम समेत फरक पारी रु. ६३८४५०। खर्च लेखेको देखिन्छ। यसरी खर्च शिर्षक फरक पारी लेखिएको खर्च नियमसम्मत नदेखिएको रू

गो.भौ.नं. र मिति	खर्च शीर्षक	खर्च भएको योजनाको नाम	रकम
नगरपालिका पुँजीगततर्फः			
२१७।०८१।१२।२१	जनताको अपेक्षा नगरको शुभेक्षा र विपद् व्यवस्थापन घर निर्माण साझेदारी	श्री रत्न षडेश्वर शिवालय मन्दिर निर्माण	३९२०००।
२५७।०८२।०१।३०	९ नं. राई टोल सार्वजनिक शौचालय निर्माण	रुद्रबारी पाखाटोल आठपहरिया मलामी खाजा घर निर्माण	९८०००।
३०८।०८२।०३।०६	कारागार कार्यालय अगाडि ढल निर्माण	वडा नं. १ भित्रका १२ घरधुरीलाई खानेपानी पाईप वितरण गर्ने कार्य	१०००००।
प्रकोप व्यवस्थापन कोषतर्फः			
२१।०८२।०३।२५	विपद व्यवस्थापनका लागि कोष सञ्चालन	फोहोर मैला व्यवस्थापन समितिको बैठकमा सहभागी भएवापत विभिन्न ८ कर्मचारीलाई भत्ता विवरण	४८४५०।
		जम्मा	६३८४५०।

अनियमित भएको	६,३८,४५०

४० परामर्श सेवा

४०.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायले दातृपक्षसंगको सम्झौता बमोजिम बैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शत दाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । Nepal urban Governance and Infrastructure Project को लागि Hiring of Design and Supervision Consultant for Triyuga Municipality गर्न ठेक्का नं.NP-DUDBC-216339-CS-QCBS कम कबोल गर्ने PEA-BN-Soil Test JV रु.२४५८५०८० भ्याट समेत नगरपलिकासँग मिति २०२२ जुलाई २२ मा ३ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता तथा कार्यदिश भएको छ । 3 Years Time Based Contract रहेको परामर्श सेवा खरिदको परामर्शदातालाई हाल सम्म वापत रु.२,७१,०३,३४० भुक्तानी भएको छ । लेखापरीक्षणको अवधी सम्म सम्झौताको अवधी समाप्त भई ४ महिना बढी समय समाप्त भई सक्दा निर्माण कार्यको भौतिक प्रगती यस बर्षको अन्त्य सम्म जम्मा ५८.७० प्रतिशत मात्र भएको छ । निर्माण कार्यको लागत भेरियशन पश्चात रु.४९८१३४५८८.५४ गरी भेरियशन पश्चात रु.३६७८६९४८४.९८ मा निर्माण कार्य गर्ने सम्झौता भएको छ । निर्धारित समय अवधी भित्र कार्य सम्पन्न गर्न परामर्श तथा योजनाको काम समनान्तर रुपमा जानुपर्नेमा सो भएको पाइएन । अतः Time based contract अनुसार समयमा नै आयोजना सम्पन्न गर्ने कार्य जिम्मेवारी पुर्वक अगाढी बढाउनु पर्दछ ।

४०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले परामर्श सेवाको विल भुक्तानी गर्दा यस बर्ष रु.१,२०,००,००० खर्च गरेको छ । यस बर्ष परामर्शदाताबाट ईन्भोइस ५ देखि ११ सम्म रु.१,१४,३३,३९२ को विल पेश गरेकोमा गत बर्षको रु.३१,५६,२४० र यस बर्षको रु.८८,४३,७६० गरी जम्मा रु.१,२०,००,००० भुक्तानी गरेको देखिन्छ । विगत तीन बर्षमा पालिकाले परामर्शदातालाई रु. २,७१,०३,३४० भुक्तानी गरेको देखिन्छ । परामर्शदाता र पालिकावीच भएको सम्झौता अनुसार परामर्श सेवा रु.२,४५,८५,०८० भ्याट, फिजिकल कन्टिन्जेन्सी र पाइस कन्टिन्जेन्सी सहित स्वीकृत भएकोमा पालिकाले हाल सम्म रु.२,७१,०३,३४० भएकोले सम्झौता भन्दा बढी भुक्तानी भएको रकम रु.२५१८२६० सम्बन्धमा एकिन गरी भेरियशन आदेश पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२,५१८,२६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४१ **प्रदेश सरकार अनुपात**

कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जारी गरेको प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को बुँदा नं ४(२)मा छनौट भएका आयोजनामा प्रदेशले वढिमा ६५ प्रतिशत लागत साझेदारी र बाँकी स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको योजनाको भुक्तानी गर्दा प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को प्रावधान विपरित प्रदेश सरकारको खर्च ६५ प्रतिशत भन्दा बढी गरी स्थानीय तहको खर्च ३५ प्रतिशत भन्दा कम गरेको देखिन्छ । यसरी प्रदेश सरकारबाट बढी खर्च भएको रकम प्रदेश संचित कोष दाखिला गर्नुपर्ने रु.

ठेक्का नं.	योजनाको नाम	निर्माण व्यवसायीको नाम	प्रदेश सरकारको खर्च	न.पा. बाट भएको खर्च	कुल भुक्तानी	न.पा को हुनुपर्ने खर्च रकम	घटी खर्च रकम
०६।२०८१।८२	घुमाउने चौतारा टेकुनाला सडक स्तरोन्नती	श्री उज्ज्वल प्रज्वल निर्माण सेवा	३८१०४२०	१४५९३५७	५२६९७७७	१८४४४२२	३८५०६५
०४।२०८१।८२	बिहिबारे हाट ठोका दाहाल चौतारा भिरगाउँ सडक स्तोन्नती	533	३१६६२०४	१५९९४४२	४७६५६४७	१६६७९७६	६८५३३
जम्मा							४५३५९८

प्रमाण पेश नगरेको	४,५३,५९८

४२ **Upgradation of Hile(Shaeshwor Temple – Bhirgaun-Madhuganga) Road, Dhankuta**

४२.१ नगरपालिकाले यो बर्ष संघिय शसर्त अनुदान अन्तर्गत छनौट भएको Upgradation of Hile(Shaeshwor Temple – Bhirgaun-Madhuganga) Road, Dhankuta योजना कार्यान्वियनका लागि रु.४५,१३,३०,००० बजेट विनियोजन भएको देखिन्छ । नगरपालिकाले Upgradation of Hile(Shaeshwor Temple – Bhirgaun-Madhuganga) Road, Dhankuta कार्यको ७००० मिटर सडक कालोपत्रे गर्ने, सडकको दुवै साइडमा आंशिक ड्रेन निर्माण, कल्भर्ट निर्माण लगायतका कार्य गर्न सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विश्व वैङ्कको ऋण सहयोगमा संचालित URBAN GOVERNANCE AND INFRASTRUCTURE IMPROVEMENT PROJECT अन्तर्गत उक्त योजना कार्यान्वियनका लागि रु.४९,८१,३४,५८८.५४ (मुअकर, फिजिकल र प्राइस कन्टिंनजेन्सी समेत) लागत अनुमान भएको योजनाको खुला बोलपत्रको माध्यमबाट निर्माण व्यवसायि आशिश आशिर्वाद स्वामिनारायण जे.भि.सँग रू.३६,७८,६९,४८४.९८ (मू.अ.कर समेत) को वोलपत्र स्विकृत भै मिति २०८२।३।३१ मा निर्माण सम्पन्न गर्नेगरी मिति २०८०।१२।३० मा सम्झौता भएकोमा सो अवधीमा निर्माण कार्य सम्पन्न हुन नसकी मिति २०८२।८।३ सम्म म्याद थप गरेको छ । पालिकले उल्लेखित ठेक्का सम्झौता करीव १५ महिना अवधि मात्र समय राखेर सम्झौता गरेको छ । नेपाल सरकार सँग भएको सम्झौता वमोजिम URBAN GOVERNANCE AND INFRASTRUCTURE IMPROVEMENT PROJECT को अवधिनै २०८२।३।३१ सम्म मात्र रहेको देखिएकाले उक्त अवधिमा निर्माण कार्य सम्पन्न गर्नेगरी निर्माण कार्य गर्नुपर्ने देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

सडकको विवरण	लागत अनुमान रकम	निर्माण व्यवसायी	सम्झौता रकम	यो वर्षको भुक्तानी रकम	सम्झौता मिति
Upgradation of Hile(Shaeshwor Temple – Bhirgaun-Madhuganga) Road, Dhankuta	४९८१३४५८८.५४	आशिश आशिर्वाद स्वामिनारायण जे.भि.	३६७८६९४८४.९८	१९१४४७७४१	२०८०।१२।३०

४२.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ अनुसार पेश्की दिँदा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने

गरी वाणिज्य बैङ्कबाट जारी भएको बैङ्क जमानत एवम् त्यस्तो बैङ्क जमानत विदेशी बैङ्कले जारी गरेको भए नेपाल भित्रको वाणिज्य बैङ्कले प्रति प्रत्याभूति (काउन्टर ग्यारेण्टी) लिई पेश्की दिनु पर्नेछ । बैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछर्यौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था छ । Upgradation of Hile(Shaeshwor Temple – Bhirgaun-Madhuganga) Road, Dhankuta निर्माण कार्यकोको निर्माण व्यवसायी आशिश आशिर्वाद स्वामिनारायण जे.भि.ले अग्रीम भुक्तानी जमानत रु.२२४८४००० बराबरको बैक ग्यारेन्टी नविल बैकमा दर्ता भएको बैक जमानतको अवधी १५ डिसेम्बर २०२५ सम्म मात्र कायम भएको छ । नियमावलीमा भएको व्यवस्था अनुसार मान्य भएको बैक जमानत पेश गर्नुपर्दछ ।

४२.३ सम्झौताको कार्यान्वयन - Upgradation of Hile(Shaeshwor Temple – Bhirgaun-Madhuganga) Road, Dhankuta सडक निर्माणको काम गर्न आशिश आशिर्वाद स्वामिनारायण जे.भि.सँग सम्मझौता भएको र सम्झौताको एस.सि.सि.को जि.सि.सि.५७.३ मा सम्झौता रकमको ३० प्रतिशत काम सम्पन्नको रनिङ्ग बिल प्राबिधिक मूल्यांकन भइ भुक्तानि गर्दा प्रत्येक रनिङ्ग बिल भुक्तानिमा ३० प्रतिशतको दरले पेश्की कट्टा गर्नुपर्ने र ८० प्रतिशत रनिङ्ग बिल तयार भइ भुक्तानि गर्दा सम्पूर्ण पेश्कि रकम कट्टा गरिसक्नुपर्ने प्राबधान सम्झौतामा प्राबधान रहेको छ । उक्त कामको निर्माण ब्यबसायीलाई यस बर्ष रु१७,१३,०६,१९४ भुक्तानी भुक्तानी दिँदा रु२,८१,५३,७८८ पेश्की कट्टा गर्नुपर्नेमा हाल सम्म जम्मा रु.२,५२,१४,५७७ मात्र पेश्कि कट्टा गरेको देखिएकोले रु२९,३९,२११ पेश्की रकम अर्को रनिङ्ग बिल भुक्तानी दिँदा थप पेश्की कट्टा गर्नुपर्ने देखिन्छ ।

योनाको नाम	निर्माण व्यवसायीको नाम	सम्झौता अङ्क	कूल पेश्की	हाल सम्मको भुक्तानी	हाल सम्म हुनुपर्ने पे फ	हाल सम्म भएको पे फ	घटि पे फ भएको रकम
Upgradation of Hile(Shaeshwor Temple – Bhirgaun-Madhuganga) Road, Dhankuta	आशिश आशिर्वाद स्वामिनारायण जे.भि.	३६७८६९४८४.९८	४२८८२५७२	१९१४४७७४१	२८१५३७८८	२५२१४५७७	२९३९२११

४२.४ निर्माणस्थलको व्यवस्था: सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ६ (३)मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीयं अध्ययनको प्रतिवेदन् स्वीकृत नगराई बोलपत्र आव्हान गर्नु नहुने उल्लेख छ। पालिकाले सडक स्तरोन्नती कार्यका लागि सम्झौता भएकोमा निर्माणकार्यको वोलपत्र आव्हान गर्नपुर्वनै निर्माण स्थलको व्यवस्था गर्नुपर्नेमा सडकमा रहेका विजुलीको पोल हटाउने खानेपानी व्यवस्था लगायतका कार्यको विओक्युमा समावेश गरी वोलपत्र आव्हान गरेको देखियो। त्यसैगरी आशिश आशिर्वाद स्वामिनारायण जे.भि. का लागि प्रोभिजनल सममा रु.१२,७०,००० समावेश गरी सम्झौता भएको देखिन्छ। निर्माण कार्यको अवधी समेत करिव १ वर्ष ३ महिना मात्र भएको अवस्थामा निर्माण स्थलवाट हटाउनुपर्ने विजुल तथा टेलिफोनका पोल खानेपानी पाइप लगायतका आइटम समेत विओक्युमानै समावेश गरेर वोलपत्र आव्हान गरेको देखिन्छ । पालिकाले खानेपानीको विगतको पाईपलाईनका सन्दर्भमा सम्वन्धित सार्वजनिक निकाय सँग समन्वय गरेको देखिएन । सो सडकमा विगतमा स्थानीय तह तथा अन्य सरकाले विभिन्न निर्माण गरी तयार गरेको निर्माणका सम्वन्धमा यकिन हुन सकिएन । यस पक्षमा पालिकाले ध्यान दिनुपर्ने र ठेक्का सम्झौता गर्नुपुर्व निर्माण स्थलको पुर्ण व्यवस्था गरेरमात्र ठेक्का सम्झौता गर्ने गराउनुपर्ने देखिन्छ ।

४२.५ मुल्य समायोजनः मूल्य समायोजनः सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक १२ महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्न पाउने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२ज) मा मुल्य समायोजन सुत्र लागु हुने समयको अन्तराल उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । योजनाको सम्झौता बमोजिम Upgradation of Hile(Shaeshwor Temple – Bhirgaun-Madhuganga) Road, Dhankuta कार्यको निर्माण व्यवसायी आशिश आशिर्वाद स्वामिनारायण जे.भि.सँग भएको सम्झौतामा मूल्य समायोजनको हिसाब गर्दा बोलपत्र पेशगर्ने अन्तिम मिति भन्दा ३० दिन अगाडीको

वेस (Base Index) र विल पेश गरेको अवधीको अन्तिम दिन भन्दा ३० दिन अगाडीको चालु (current index) प्रयोगगरी हिसाब गर्नुपर्ने उल्लेख छ । पालिकाले निर्माण कार्यको निम्न IPC मा मुल्य समायोजन भुक्तानी गर्दा पालिकाले Base index प्रयोग गर्दा (Labor 592.29 Material 136.46 and Equipment 135.33) गरेकोमा प्रयोग गर्नुपर्नेमा (Labor 592.29, Material 137.80 and Equipment 136.22) प्रयोग गर्नुपर्ने देखिन्छ ।Current Index प्रयोग गर्दा Material को Index Equipment मा र Equipment को Index Material मा प्रयोग गरेको देखिन्छ । मुल्य समायोजन हिसाब गरेकोले निम्नानुसार बढी मूल्य समायोजन भुक्तानी दिएको देखियो । बढी भुक्तानी दिएको मूल्य समायोजन असुल गर्नुपर्ने रु.

Factor applied	Factor to be applied	Amount	Amount Paid	Amount To Be Paid
0.002	0.0099	11,114,044.54	22228.09	109584.5
0.002	0.0077	7,161,458.67	14320.92	55293.62
0.002	(0.0158)	33,585,733.36	100757.20	-531461
0.003	0.0073	7,478,378.27	22435.13	54435.12
0.003	(0.0119)	21,370,929.59	64112.79	-253780
0.003	0.0133	27,760,996.74	83282.99	369026.9
0.003	0.0141	14,352,199.71	43056.60	202093.3
0.011	0.0119	14,352,199.71	157874.2	171394
Total Amount			508069.92	176587
			Different Amount	331482.92
			Different Amount with VAT	374576

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **३७४,५७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४३ **विशेष अनुदान**

४३.१ विशेष अनुदान सम्बन्धि कार्यविधि २०८१ को दपा ४ को उपदफा ६(क) अनुसार आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा आयोजना वा प्रस्तावको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरणको लागत अनुमान वा अनुसुची ३ बमोजिमको आयोजना वा कार्यक्रम संचालन प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष विषेश अनुदान आठपहरीया जातीको संग्राहलय भवन निर्माण, धार्मिक क्षेत्र चुलीवन संरक्षण, कर्मीटार फनपार्क निर्माण तथा होमस्टे संचालन शीर्षमा विनियोजित बजेटबाट निर्माणधिन आठपहरीया संग्राहलयको भित्री तथा बाहिरी बास्तुकला डिजाइन ड्रइङ र विविध सौन्दर्यीकरण गर्ने कार्यको लागि गो.भौ.नं.१९।२०८१।९।१७ मा अजिमा इन्जिनियरिङ्ग कन्सट्रक्शन प्रा.लि. लाई रु.४८६३५२ भुक्तानी दिएको छ । विशेष अनुदान सम्बन्धि कार्यविधि २०८१ को दपा ४ को उपदफा ६(क) अनुसार योजना वा कार्यक्रमको प्रस्ताव गर्दा सोको डिटेल प्रोजेक्ट रिपोर्ट वा अनुसुची ३ भरी पेश गर्दा समेत प्राथमिकताका आधारमा बजेट व्यवस्था हुने देखिन्छ । योजनाको डि.पि.आर तथा अध्ययन प्रतिवेदन योजना प्रस्ताव गर्दाको समयमा नै गर्नुपर्नेमा योजना कार्यान्वयन भई विभिन्न भौतिक संरचना निर्माण भईसकेको अवस्थामा डी.पी.आर तथा अध्ययन प्रतिवेदन तयार गर्नु उचित देखिएन । योजनाको डी.पी.आर योजनाको प्रस्ताव तथा कार्यान्वयन अघि गर्नेतर्फ ध्यानदिनुपर्दछ । बजेट व्यवस्था भई योजना कार्यान्वयनको चरणमा निर्माणधिन आठपहरीया संग्राहलयको भित्री तथा बाहिरी बास्तुकला डिजाइन ड्रइङ र विविध सौन्दर्यीकरण कार्यको अध्ययन प्रतिवेदन तयार गरी खर्च गर्दा बढी व्ययभार रु.४८६३५२ पर्न गएको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	४,८६,३५२

४३.२ विशेष अनुदान सम्बन्धि कार्यविधि २०८१ को दपा ९ को उपदफा १ अनुसार प्रदेश वा स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले मितेरी टोल डाँडाघर टोमुवा सडकमा कल्भर्ट निर्माण वापत टोडेक टोल बस्ती संगठनलाई गो.भौ.नं.१३०।२०८२।३।२४ मा रु.४९०००० भुक्तानी गरेको देखिन्छ । निर्माण कार्य लागत रु.५५०९०७ स्वीकृत गरी अन्तिम मुल्याङ्कन रु.५५५०९५ भएकोमा उपभोक्ता समितिको अंश कट्टा गरी रु.४९०००० भुक्तानी भएको छ । विशेष अनुदान सम्बन्धी कार्यविधि २०८१ को दफा ९ को उपदफा १ बमोजिम सम्बन्धित योजना वा कार्यक्रममा खर्च नगरी फरक योजनामा खर्च गरेको साथै कार्यविधि विपरित निर्माण कार्य उपभोक्ता समितिबाट गरेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	४,९०,०००

४४ बोलपत्रको मुल्याङ्कन

बोलपत्रको मुल्याङ्कन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्दछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ । मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको २९.८८ प्रतिशत देखि ४५.६६ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ५४.३४ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमानभन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्ने सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

क स	कामको विवरण	निर्माण व्यबसायीको नाम	सम्झौता र भुक्तानी सम्बन्धी विवरण		कवोल अङ्क घटेको प्रतिशत
			लागत अनुमान विवरण	सम्झौता रकम	
१	वडा नं ७ वडा कार्यालय भवन निर्माण	लकान्द्री बन्धु कन्सट्रक्शन एण्ड सप्लयार्स	९९६६१७०	६९०७७८९	३०.६९
२	रुद्रवारी हाँड थुम्का काघरकोट जडिबुटी पहुँच सडक स्तरोन्नती गर्ने कार्य	खोकु निर्माण सेवा	९९६४३९१	५५७४३६१	४२.८२
३	वडा नं. १० वडा कार्यालय भवन निर्माण	गोल्डमाइन कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.	४६१४९५०	३१६७२२७	२९.८८
४	वडा नं. ३ वडा कार्यालय भवन निर्माण	उग्रेश्वर महादेव विल्डर्स प्रा.लि.	८३४०५०६	५५७१९०२	३१.७२
५	आठपहरीया संग्रालय निर्माण फेज ३	छिन्ताङ देवि कन्सट्रक्शन प्रा.लि.	५८७३५९७	४१२१९०१	२९.८२
६	आठपहरीया संग्राहलय भवनको इन्टिरियन निर्माण	कन्सेफ्ट आर्किटेक एण्ड डिजाइन	१९९९६५२३	१३०९११९२	३३.०८
७	आठपहरीया संग्राहलयको मोर्डेन हाउस र गार्ड हाउस निर्माण	खोकु निर्माण सेवा	६३२६८७०	४२०२९०७	३२.२२
८	शहरी स्वास्थ्य केन्द्र गोकुण्डेश्वर खोला सडक स्तरोन्नती	छिन्ताङ देवि कन्सट्रक्शन प्रा.लि.	१९९८८३३	११७२९४३	४०.०२
९	विहिबारे हाट टोका दाहाल चौतारा सडक स्तरोन्नती	खोकु निर्माण सेवा	८८११४००	४६८४४५१	४५.६६
१०	घुमाउने चौतारा टेकुवाला सडक स्तरोन्नती	उज्ज्वल प्रज्वल निर्माण सेवा	८७९०७६९	५६८५११४४	३३.९०
११	धनकुटा नगरपालिका नुनथला टोलवस्ती सडक स्तरोन्नती कार्य	न्यु राई निर्माण सेवा	३०१०१०१	२०२६६६७	३१.४०

४५ धनकुटा नगरपालिका वडा नं.४,५,६ र ७ भित्रका शहरी सडक मर्मत (१०।२०८१।८२)

४५.१ धनकुटा नगरपालिका वडा नं.४,५,६ र ७ भित्रका शहरी सडक मर्मत (१०।२०८१।८२) को निर्माण कार्यको लागत अनुमान रु.११९९९४९५.५७ स्वीकृत गरी २०८२।२।२५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री खोकु निर्माण सेवासँग सम्झौता भई रु.१०१८२५१२.६३ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने कार्यादेश २०८१।११।१२ गते दिएकोमा अन्तिम विल सम्म रु.१०६९९३९४ भुक्तानी भएकोमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् ।

४५.२ बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । धनकुटा नगरपालिका वडा नं.४,५,६ र ७ भित्रका शहरी सडक मर्मत (१०।२०८१।८२) को निर्माण कार्यको लागत अनुमान रु.११९९९४९५.५७ स्वीकृत गरी २०८२।२।२५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री खोकु निर्माण सेवासँग सम्झौता भई रु.१०१८२५१२.६३ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने कार्यादेश २०८१।११।१२ गते दिएकोमा अन्तिम विल सम्म रु.१०६९९३९४ भुक्तानी भएको छ । पालिकाले धनकुटा नगरपालिका वडा नं.४,५,६ र ७ भित्रका शहरी सडक मर्मत कार्यको प्राविधिक अन्तिम मुल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.१०५१८७८६ नापी गरी प्राविधिक विल तयार गरेकोमा भुक्तानी गर्दा रु.१०६९९३९४ भुक्तानी भएकोले प्राविधिक विल भन्दा बढी भुक्तानी भएको रकम रु.१८०६०८ सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१८०,६०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४५.३ सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरका दरले औसतमा ०.५ के.जी. अर्थात ०.४७६ लिटर सम्म खपत हुने उल्लेख छ । यस कार्यालयले देहायबमोजिम Tack Coat को भुक्तानी दिंदा स्वीकृत नर्म्स भन्दा बढी परिमाणमा भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल उपर गर्नु पर्ने रु

योजनाको नाम	निर्माण व्यवसायी	भुक्तानी परिमाण (लिटर)	बढी परिमाण फ्याक्टर	दर	बढी भुक्तानी रकम
ध.न.पा. वडा नं.४, ५, ६ र ७ भित्रका शहरी सडक मर्मत	खोकु निर्माण सेवा	७५७०.१७३	०.३२४	९०	२२०७४६
		१०८७.६३५	०.३२४	९०	३१७१५
जम्मा					२५२४६१

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **२५२,४६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४६ बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । वडा नं.७ को वडा कार्यालय भवन निर्माण (०१।२०८१।८२) को निर्माण कार्यको लागत अनुमान रु.९९,६६,१७० स्वीकृत गरी २०८१।८।२८ मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री लकान्द्री बन्धु कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.सँग सम्झौता भई रु.६९,०७,७८९.८७ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने कार्यादेश २०८१।८।२८ गते दिएकोमा अन्तिम विल सम्म रु.६६०७०५३ भुक्तानी भएको छ । पालिकाले वडा नं.७ को वडा कार्यालय भवन निर्माणको प्राविधिक अन्तिम

मुल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.६५०४६५३ नापी गरी प्राविधिक विल तयार गरेकोमा भुक्तानी गर्दा रु.६६०७०५३ भुक्तानी भएकोले प्राविधिक विल भन्दा बढी भुक्तानी भएको रकम रु.१०२४०० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१०२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४७ **1. कृषि पकेट क्षेत्र कार्यक्रम:-**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पकेट विकास कार्यक्रम अन्तर्गत खाद्यान्न बाली प्रबर्द्धन, नयाँ तरकारी पकेट विकास कार्यक्रम र छुर्पी प्रवर्द्धन कार्यक्रममा यो वर्षमा ५० प्रतिशत अनुदानमा रू ३४८८७३४/- खर्च भएको छ। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि पटक पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो । खर्च रकमको अनुगमन गरी मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन । जसबाट भुकानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन । अतः कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

क्र स	गो भौ नं र मिति	कार्यक्रमको नाम	भुक्तानी पाउने कृषक समुहको नाम	भुक्तानी रकम रु.
१	१३०/२०८१-११-२१	खाद्यान्न बाली (गहुँ) को उन्नत बीउ उपयोग अनुदान	१३ जना कृषक	६६८००
२	१७५/२०८२-०१-०८	खाद्यान्न बाली (धान) को बीउ उपयोग अनुदान	१५२ जना कृषक	२६६८००
३	१८९/२०८२-०१-१७	नयाँ तरकारी पकेट विकास कार्यक्रम	गैरीटोल कृषक समुह ध.न.पा. १	५८७९९६
४	१९५/२०८२-०१-२३	नयाँ तरकारी पकेट विकास कार्यक्रम	श्री तिनतले सिजाली कृषक समुह	५८७९९६
५	२६०/२०८२-०२-०३	छुर्पी प्रबर्द्धन कार्यक्रम	आरोध दुग्ध डेरी उद्योग धनपा २	१५०४१८
६	२६१/२०८२-०२-०३	छुर्पी प्रबर्द्धन कार्यक्रम	श्री सिंहदेवी डेरी उद्योग	२०००००
७	२६२/२०८२-०२-०३	छुर्पी प्रबर्द्धन कार्यक्रम	रेजिना कृषि तथा पशुपंक्षी फर्म	१९६८५१
८	२७३/२०८२-०२-०७	नयाँ बाख्रा पकेट कार्यक्रम	श्री गुठी उद्यमशील कृषक समुह धनपा	१३३१६०५
९	३०१/२०८२-०३-१३	छुर्पी प्रवर्द्धन कार्यक्रम	राना छुर्पी उद्योग	१००२६८
	जम्मा रकम			३४८८७३४

४८ **औषधी खरिद :-**

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सशर्त शिर्षकबाट देहायका फर्मसँग औषधि खरिद गरेको देखिन्छ

। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । कार्यालयले खरिद गरेको औषधिहरु पाम्समा दाखिला गर्नुपर्दछ ।

भौ.नं.	बजेट उपशिर्षक	आपुर्तिकर्ताको नाम	भुक्तानी रकम	कैफियत
३४/२०८१-०७-०८	संघीय शर्सत	यशोदा फर्मा ट्रेडर्स	७९९०९१	कोटेशन खरिद
२२९/२०८२-०२-०२	संघीय शर्सत	गिताश्विनी प्रोमेड प्रा.लि.	२२८५५९	कोटेशन खरिद
२५६/२०८२-०३-०२	संघीय शर्सत	सेतीदेवी सप्लायर्स प्रालि मध्यपुर ठिमि	६६४३१६	कोटेशन खरिद
३६१/२०८१-०९-०४	पालिका चालु	वेलकम फर्मा	५०००००	कोटेशन खरिद
	जम्मा रकम		२१९१९६६	

४९ **भ्रमण खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई स्वीकृत भ्रमण आदेशका आधारमा भ्रमण खर्च रु २०८८०००।०० भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- भ्रमण सम्वन्धित पालिकाका वडाहरुवाट अन्य पालिका केन्द्र तोकि भुक्तानि लिने गरेको ।
-पालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी ७ दिन सम्मको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमण आदेशहरुमा भ्रमण गर्ने स्थान नतोकिएको तथा कतिपय भ्रमण बीलका आधारमा समेत भुक्तानि गरेको देखिएको ।
- पालिका भन्दा बाहिरका कर्मचारीहरुको भ्रमण आदेशमा पालिकाले भुक्तानि गर्ने स्पष्ट आधार उल्लेख नगरिएको साथै असम्बन्धित ब्यक्तिहरुको समेत भ्रमण आदेशका आधारमा भुक्तानि गरिएको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

५० **दिवा खाजा :-**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप न. २.७.११.१ मा दिवा खाजाको लागि स्थानीय तहले विद्यालयलाई रकम निकासा गर्दा पहिलो त्रैमासिकको लागि प्रति विद्यार्थी वार्षिक १८० दिन उपस्थित हुने आधारमा रकम निकासा गर्ने र दोस्रो त्रैमासिक देखि भौतिक रुपमा पूरा समय चलेको दिन(परीक्षामा सामेल भएको दिन समेत) खाजा उपलब्ध गराएका विद्यालयको प्रधानाध्यापक र वि व्य स अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भई अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित भएपश्चात मात्र थप रकम निकासा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष रू ४६६५४४३ दिवा खाता वापत ३९ विद्यालयहरुलाई रकम निकासा गरेकोमा EMIS को तथ्याङ्क अनुसारको विद्यार्थी संख्या तथा कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम भौतिक रुपमा उपस्थित प्रमाणित विद्यार्थी संख्या यकिन गर्ने गरेको देखिएन।अत EMIS तथ्याङ्क तथा प्रमाणित विद्यार्थी संख्या भन्दा बढि दिवा खाजाको रकम निकासा भएको सम्बन्धमा यकिन गरी बढि भएको निकासा फिर्ता संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

सि.नं.	विद्यालयको नाम	विद्यार्थी संख्या	प्रति विद्यार्थी दर	निकासा हुनु पर्ने	निकासा रकम(रु)	असुल गर्नुपर्ने रकम (रु)
१	त्रिवेणी मावि	२१८	१५	४६८४२०	४८१७२५	१३३०५

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१३,३०५**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१ **विद्यालय सुधार योजना :-**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१/८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० को ५.१ मा विद्यालय सुधार योजना निर्माण वापत आधारभुत विद्यालयलाई प्रति विद्यालय वार्षिक रु १५ हजार तथा माध्यामिक विद्यालयलाई प्रति विद्यालय वार्षिक रु २० हजारका दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले विभिन्न ३९ वटा विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माण वापतको रकम एकमुष्ठ रु ६,३३,०००/- निकासा दिएकोमा देहाय बमोजिमका विद्यालयहरुबाट विद्यालय सुधार योजना पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

क्र.स.	विद्यालयको नाम	रकम
१	श्री जलकन्या प्रावि सिंजालीगाउ धनपा-१	१५०००
२	श्री चन्द्र प्रावि गुरासे धनपा-२	१५०००
३	श्री डिल्ली प्रावि किन्ताङ धनपा-२	१५०००
४	श्री मार्गेश्वरी प्रावि भीरागाउ धनपा-२	१५०००
५	श्री आत्मा प्रावि धनपा-६	१५०००
६	श्री जिमी प्रावि यात्के धनपा-८	१५०००
७	श्री वालकल्याण प्रावि वेलाहारावेशी धनपा-९	१५०००
८	श्री कन्यादेवी प्रावि सावरी धनपा-९	१५०००
९	श्री सिद्धदेवी प्रावि पारिपात्ले धनपा-१०	१५०००
		१३५०००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

